जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २२६ पृष्ठः ४ | २०८२ पुस १५ मंगलबार (Tuesday 30 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## चिसो र शीतलहरको मारमा मुसहर बस्ती, घरनहुँदा त्रिपाल मुनि बास





**रामनारायण ठाकुर**

मिर्चैया, १४ पुस। सिरहाको मिर्चैया नगरपालिका ६ जिवा मगरटोल र भोटिया टोलका करिव ३० घर परीवार विपन्न, भूमिहिन मुसहर समुदाय कठ्यांग्रिदो जाडो र शीतलहरको चपेटामा परेका छन्। चिसो बढ्दैजाँदा सुरक्षित आवासको अभावमा जनजीवन कष्टकर बनेको हो। मधेस प्रदेश सरकारको जनता आवास कार्यक्रम अन्तर्गत विपन्न तथा दलित समुदायका लागि आवास निर्माण कार्य अलपत्र भएकाले मधेशको कठ्याङ्गीने जाडोमा यहाँका मुसहर परीवार विचल्लिमा परेको बताउँछन्। निर्माण दुई वर्ष बितिसक्दा समेत घरहरू पूर्ण रूपमा निर्माण हुन नसक्दा आफूहरु त्रिपाल र परालको सहारामा बस्न बाध्य हुनुपरेको सदायहरुको गुनासो रहँदै आएको छ।

यहाँ निर्माण थालेको घरहरु अझै आधा अधुरा अवस्थामा छ। सरकारी आश्वासनमै सीमित हुँदा पीडित परिवारहरू अझै पनि कष्टकर जीवन बिताउन बाध्य छन्। अहिले उनीहरुसँग तर नत ओतलाग्ने राम्रो घर छ, न त पर्याप्त न्यानो ओढ्ने ओछ्याउने नै। स्थानीय ४५ वर्षीय विजय सदा आफ्ना तीन छोरा र एक छोरीसहित छ जनाको परिवारसहित त्रिपालमुनि बस्न बाध्य छन्। विजय भन्छन्, 'न यो घर बनिरहेको छ। नत हामीसँग अर्को घर बनाउने जग्गा र रुपैयाँ छ हामी गरिवले जाडोमा छोराछोरीलाई ओतमा राख्न पनि सकेका छैनौं।'

त्यसैगरी पञ्ची सदा, रामलोचन सदा, संजय सदा, झिगुरा सदा, डिङ्गरा सदा, सन्त सदा, रसिया सदा, रासालाल सदा, श्रीराम सदा र जितना सदा लगायतका मुसहर परिवारहरू पनि वर्षौंदेखि घर विहीन अवस्थामा जीवन बिताइरहेका छन्। चिसो बढ्दै जाँदा बालबालिका, वृद्ध र महिलाहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्न थालेको स्थानीयवासीले बताएका छन्। उनीहरूले सम्बन्धित निकायसँग तत्काल राहत, न्यानो कपडा तथा स्थायी आवासको व्यवस्था गर्न माँग गरेका छन्। यस वडा अध्यक्ष रामप्रकाश महासेठले

–बाँकी दुई पेजमा

## २४ घण्टा नबित्दै बन्यो सदाय परिवारका लागि अस्थायी घर



**मणिलाल विश्वकर्मा**

लहान, १४ पुस। करिब नौ महिनादेखि स–साना तीन छोरी, श्रीमतीसहित त्रिपालमुनि बस्दै आएका लहान नगरपालिका–१५, बानोगाउँका श्याम सदायको परिवारका लागि निर्माण सुरु भएको २४ घण्टा नबित्दै जस्ताले छाएको अस्थायी घर निर्माण भएको छ। गत वैशाखमा आएको हावाहुरीले ओत लाग्ने फुसको झुपडी भत्किएर ढलेपछि त्रिपालमुनि बस्दै आएका सदाय परिवारका लागि शनिबार दिउँसोदेखि काठ, बाँस ठड्याएर जस्ता हालिएको अस्थायी टहरो निर्माण सुरु भएको थियो। नगर प्रहरीको समेत सहयोगमा स्थानीय युवा र १० जना मजदुर परिचालन गरी बनाइएको दुई कोठाको अस्थायी घरमा तत्काललाई ओत लाग्न सकिने गरी निर्माण गरेको नगरप्रमुख महेद्रप्रसाद चौधरीले बताए।

'तत्काल अस्थायी घर बनाएको भए पनि केही दिनमै पक्की घर निर्माणका लागि पहल थालिने छ,' उनले भने। स्थानीय गरिब विपन्नलाई न्यानो सिरक बाँड्न

–बाँकी दुई पेजमा

## इन्लुइन्जा (फ्लू) बाट सुरक्षित रहौं।

**इन्फ्लुएन्जा (फ्लू) बाट बच्नः**

- नियमित रुपमा साबुन पानीले हात धुने गरौं।
- खोक्दा वा हाच्छ्यूँ गर्दा नाक, मुख रुमाल वा कुहिनोले छोपौं।
- जाडोमा टाउको, हातखुट्टा छोपिने गरी न्यानो कपडा लगाऔं।
- भिडभाड र बन्द ठाउँमा धेरै समय नवसौं।
- फ्लूका लक्षण (ज्वरो, खोकी, घाँटी दुखे, थकान) देखिए सावधानी अपनाऔं।
- सफा, ताजा र पोषिलो खाना खाऔं।
- वालवालिका, महिला, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा दीर्घरोगीको विशेष संरक्षण गरौं।
- स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## एमबीबीएस अध्ययनका लागि सिरहाका साफीलाई थापाले गरिन् १ लाख ५ हजार सहयोग



सिरहा, १४ पुस। सिरहा जिल्लाको बरियारपट्टी गाउँका सत्यनारायण साफीले कठिन संघर्षलाई सफलतामा रूपान्तरण गर्दै नेपाली युवाहरूका लागि प्रेरणादायी उदाहरण प्रस्तुत गरेका छन्। दैनिक ज्यालादारी मजदुरी गर्दै आफ्नो र परिवारको जीविका चलाउँदै आएका साफी पूर्ण छात्रवृत्तिमा एमबिबिएस अध्ययन गर्न सफल भएका हुन्। आर्थिक अभाव, सीमित स्रोत र चुनौतीपूर्ण परिस्थितिका बाबजुद पनि अध्ययनप्रति देखाएको अठोट, निरन्तर मेहनत र अदम्य धैर्यले उनलाई चिकित्सक बन्ने मार्गमा डोऱ्याएको छ संघर्षपूर्ण जीवनयात्राबाट प्राप्त यस उपलब्धिले समाजमा आशा, सम्भावना र सकारात्मक सन्देश प्रवाह गरेको छ।

उनको असाधारण सफलतालाई कदर गर्दै नेपाली कांग्रेस मधेसकी युवा नेत्री शर्मिला थापाले सत्यनारायण साफीलाई रु १ लाख ५ हजार आर्थिक सहयोग प्रदान गरेकी छन्। सहयोग प्रदान गर्दै थापाले साफीको साहस, समर्पण र निरन्तर संघर्षलाई सम्मान गर्दै भविष्यमा अझ सशक्त रूपमा अघि बढ्न हौसला प्रदान गर्ने उद्देश्यले सहयोग गरिएको बताइन्। उक्त सहयोग वितरण कार्यक्रममा नेपाली कांग्रेस मधेस प्रदेश प्रचार–प्रसार विभाग प्रमुख नितेशकुमार गुप्ता, बरियारपट्टी गाउँपालिकाकी उपाध्यक्ष ममताकुमारी यादव, वडा नं. ३ का अध्यक्ष विनोदकुमार यादव, वडाअध्यक्ष राम खेलावन दास, देवप्रसाद यादव (प्राथमिक विद्यालय शिक्षक), स्थानीय युवा नेता सुमनकुमार यादव, जिल्ला खेलकुद विकास समिति सर्लाहीका अध्यक्ष रोजित केसी ,समाजसेवी नारायण गुरुमा सहभागी थिए। साथै स्थानीय बुद्धिजीवी, शिक्षक र समाजसेवीहरूको उपस्थिति रहेको थियो।




**GUPTA BROTHER'S AUTO TRADE** Mirchaiya, 033-550744 | 9801552812

# सम्पादकीय

## खाद्य मापदण्डको अनुगमनमा हेलचेक्र्याइँ

राजनीतिक सङ्क्रमणको बेलामा प्रायः कानुन मिच्नेहरूको बोलवाला हुने गर्छ। नियामक निकायहरू सुस्ताउने र देखेको नदेख्यै गर्न अभ्यस्त छन् भने कानुन मिचेर व्यक्तिगत फाइदा लिनेहरू सक्रिय हुन्छन्। अहिले नेपालमा यस्तो प्रवृत्ति अपेक्षाकृत धेरै नै बढ्दै गएको देखिएको छ।

हुन त, कानुन पालना गराउनेहरू यस्तो प्रवृत्ति रोक्न सधैँ नै चनाखो हुनुपर्ने हो। त्यसमा पनि जनस्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने विषयमा कानुनले तोकेको मापदण्डको पालना गराउन आलटाल गर्नै हुँदैनथ्यो। तर, यसै पनि कमजोर नियमन अहिले झन् कमजोर भएको छ।

दिनहुँजसो समाचार आउँछ उपत्यकामा बेचिने हरिया सागपात विषादीका कारण मानव उपभोग योग्य नभएका समाचार दिनहुँजसो सार्वजनिक हुनेगरेका छन्। कानुन नभएर वा कार्यान्वयनकर्ता निकायको अभावले यसरी जनस्वास्थ्यका विषयमा राज्य उदासीन रहेको भने होइन। यसैले नियामकहरूको उदासीनता बढी नै रहस्यमय देखिन्छ।

उदाहरणका लागि मासु जाँच तथा वधशाला ऐन, २०५५ सालमै जारी भएको भए पनि अहिलेसम्म कार्यान्वयनका लागि राज्य गम्भीर र अग्रसर भएको देखिएको छैन। संघीय राजधानी रहेको काठमाडौं उपत्यकामा नै स्वास्थ्य मापदण्ड पूरा नगरेका हजारौं पसल सञ्चालनमा छन्।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार रोग पशुबाट मानिसमा सर्ने रोग बर्सेनि बढ्दै गएको छ। मानिसमा लाग्ने ६५ प्रतिशतभन्दा बढी रोग पशुपंक्षीबाट सर्ने प्रकृति हुन्छन्। यसैले पशु स्वस्थ नभएको वा मासु, दूधजस्ता पशुजन्य खाद्य पदार्थको उत्पादन स्वच्छरूपमा नभएको अवस्थामा मानव स्वास्थ्य पनि सुरक्षित रहन सक्दैन। जनस्वास्थ्यसँग यसरी जोडिएको भए पनि मासु, दूधजस्ता पशुजन्य खाद्य पदार्थको स्वच्छता परीक्षण र नियमनमा भने राज्यको कुनै पनि तहका सरकारले गम्भीर ध्यान दिएको देखिँदैन। यद्यपि, मासु पसलहरूमा कानुनले तोकेको मापदण्ड पालना गराउने काम तीनै तहका सरकारहरूको अधिकार क्षेत्रभित्र पर्छ। ऐनले खानका लागि मारिने जिउँदो पशुको स्वास्थ्यदेखि वध गरिपछि मासुको परीक्षण तथा शीतभण्डारमा भण्डारण गरिनुपर्नेसम्मका विधि र प्रक्रियाको व्यवस्था गरेको छ। तर न त नियामक निकायले मासु पसलहरूको अनुगमन गरेको हुन्छ न बजार स्वयंले स्वस्थ्य मासु वितरणको प्रयास गरेको देखिन्छ।

चिसोमा राखेको अर्थात् 'फ्रोजन' मासु स्वास्थ्यका लागि उत्तम हुने मानिए ,पनि नेपालीहरू ताजा मासु नै खोज्ने गर्छन्। यही कमजोरीको फाइदा उठाएर मासु पसलेहरूले उपभोक्तालाई अस्वस्थ मासु पनि बेच्छन्। यस्तो अस्वस्थ बानी बदल्न उपभोक्तालाई उत्प्रेरितमात्र होइन बाध्य बनाउने जिम्मेवारी भने नियामक निकायकै हो।

जनस्वास्थ्यमा प्रत्यक्ष सम्बन्ध राख्ने यस्ता विषयमा नियामक निकायहरू कहिल्यै सुस्त हुनु हुँदैन। पर्याप्त जनशक्ति नभए त्यसको व्यवस्था गर्न राज्यले प्राथमिकता दिनुपर्छ भने मापदण्ड पालना गराउन गुणस्तरमा सम्झौता गरिनु हुँदैन। राजनीतिक सङ्क्रमण टुंगिन समय लाग्ला तर जनस्वास्थ्यका हकमा त पर्खिन पनि सकिँदैन। यसैले खाद्य पदार्थहरूको गुणस्तरको मापदण्ड पालना गराउन स्थानीय तहहरू नै बढी सक्रिय र चनाखो बनून् !

# न्यायमूर्तिज्यूहरूलाई पत्र

प्रा.डा. ऋषिकेश नारायण श्रेष्ठ

जेनजी पुस्ताले कुशासन, बेरोजगारी र भ्रष्टाचारविरुद्ध गरेको विद्रोहले शासनसत्तामात्र ढलेन, जलेका अदालतका दृश्यहरू र त्यतिबेला न्यायमूर्तिहरू सैनिक क्याम्पमा बस्नुपरेको बाध्यताले सम्पूर्ण नेपालीहरूलाई साह्रै दुःखी तुलाएको छ। श्रीमान् ! मानव जातिले गर्ने यस्ता विद्रोह पनि प्रकृतिले गरेको विद्रोह– भूकम्प, सुनामी, बाढीपहिरो र ज्वालामुखी जस्तै हुन सक्दछ, जुन समय सीमा तोकेर यति नै क्षति गर्छु भनेर आउँदैन। यद्यपि, यी विपत्तिहरूलाई रोक्न र भविष्यमा आइहाल्यो भने समाज र मानव जातिको क्षतिलाई कसरी न्यूनीकरण गर्ने भनेर सरकारले कार्ययोजना बनाएका हुन्छन्। तर श्रीमान् ! हामीकहाँ भूकम्प आउँदैछ भनेर वर्षौंदेखि भन्दै थियौँ। आयो, क्षति गरेर गयो। त्यसैगरी केही महिनादेखि समाज विद्रोहतिर जाँदैछ भन्ने आभास भइरहेको थियो र सम्बन्धित निकायहरूलाई बोध पनि थियो, तर तत्कालीन सरकारले त्यसको सही आकलन नगरेको हुनाले इतिहासमै नभएको क्षति राष्ट्रले भोग्नुपर्‍यो।

अहिले आएर विद्रोहमा भएको क्षतिको जिम्मेवारी लिनुको सट्टा कसमाथि दोषारोपण गर्ने भनेर पात्रहरू, संघ–संगठनहरू र विदेशी निकायहरू खोजिँदै छन्। तर दोषीको सुई निवर्तमान सरकारप्रति फर्कन थालेपछि भने संसद् पुनर्स्थापनाको मागसहित पुराना दलका सांसदहरू तपाईंहरू कहाँ आइपुगेका छन्। विश्वका केही मुलुकमा शासकहरूले चुनाव नगराएर सत्ता कब्जा गरेर बसेका छन्। हाम्रो देशमा सरकारले चुनाव गराएर सत्ता हस्तान्तरण गर्छु भन्दा पनि पार्टीहरू नै बिथोल्न लागिरहेका छन्। यदि सुरक्षाको कारण देखाएर केही पार्टीहरू चुनावमा जान असुरक्षित महसुस गरिएको हो भने त्यस्ता पार्टीले अर्को चुनाव 'मिसन ०८७'का लागि तयारी गर्नुस्। यो एकपटक देश र जनताको लागि त्याग गरिदिनुस्।

श्रीमान् ! यो विद्रोह जन्माउन कतै न्यायपालिकाको बनावट, न्यायाधीशहरूको छनोट र न्याय सम्पादन पनि दोषी त छैन ? राज्यको कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाहरू शक्ति पृथकीकरण र शक्ति सन्तुलन अनुसार चलेका हुन्छन्, तर यहाँ कार्यपालिकाको निर्देशन अनुसार अन्य दुई निकाय पनि चल्छ भन्ने आम जनविश्वास छ। उदाहरणका लागि कांग्रेस र एमालेले संसद् पुनर्स्थापनाको लागि सर्वोच्च अदालतमा निवेदन दिनासाथ अब संसद् पुनर्स्थापना हुने भयो भन्ने भ्रम फैलाईंदै छ। अर्कोतिर केही समूहले चुनाव हुन नसके संसद् पुनर्स्थापना हुन्छ, त्यसका लागि नजिर बलियो छ भन्दै 'मिडिया ट्रायल' गरिरहेका छन्।

न्यायमूर्तिहरूलाई न्याय सम्पादन गर्दा कानुन र विवेक प्रयोग गर्ने दुवै अधिकार दिइएको हुन्छ। कानुनका सिद्धान्तका साथै व्यावहारिक पक्ष र आवश्यकताको सिद्धान्तको पनि प्रयोग गरिन्छ। यस्तो अदृश्य अधिकार प्रयोग गर्न दिइएको हुनाले तपाईंहरूलाई भगवानको मूर्ति जस्तै जीवित न्यायमूर्तिको दर्जा दिइएको छ। त्यसैले श्रीमान् [ अदालतको बेन्च पछाडि राखिएको तराजु समातेको आँखामा पट्टी बाँधेको मूर्ति जसरी निष्पक्ष भएर न्याय दिनुका साथै आँखाको पट्टी खोलेर देशको सबै वस्तुस्थिति बुझेर निर्णय लिनु आजको समयको आवश्यकता भएको छ।

श्रीमान् ! संविधान जन्मेपछि संविधानभित्र भएका राम्रा धाराहरू जनताको पक्षमा प्रयोग गरिनुपर्थ्यो, तर त्यसको बदला हामीलाई सरकार बनाउने, गिराउने, जन्माउने, भत्काउने, अविश्वासको भोट राख्ने, संसद् विघटन र पुनर्स्थापना गर्ने संविधानका धाराहरूको मात्रै ज्ञान र शिक्षा दिलाइयो। यही नै सिक्न, पढ्न र सुन्न बाध्य बनाइयो। अहिलेसम्म हामीले पाएको गणतान्त्रिक संविधानको उपलब्धिहरू यतिमात्रै हुन् भन्दा हुन्छ।

सम्मानित अदालतले बहुदलीय व्यवस्था बचाउनका लागि राजाको पालोमा संसद् पुनर्स्थापना गरेको थियो। तत्कालीन प्रधानमन्त्री केपी ओलीको पालामा गणतन्त्र बचाउनका लागि संसद पुनर्स्थापना भएको थियो। अहिले गणतन्त्रका स्तम्भहरू सबै जलेर खरानी भएता पनि राष्ट्रपतिले आवश्यकताको सिद्धान्त अनुसार संविधानको कमभन्दा कम क्षतिमा देश र संविधान बचाएका छन्। पेटभित्र लागेको क्यान्सरलाई चिकित्सकले शल्यक्रिया गरेर बिरामी बचाएपछि बिरामीले काटेको ठाउँमा दाग किन देखियो भनेर बखडा गरेजस्तै अहिले पार्टीका केही नेताहरूले राष्ट्रपतिले असंवैधानिक काम गरे भनेर लफडा गर्दैछन्।

श्रीमान् ! विगतमा पनि पार्टीहरूले व्यवस्था परिवर्तनका लागि आन्दोलन, हत्या, हिंसा, आगजनी, लुटपाट, तोडफोड र आम हड्ताल गरेकै थिए र त्यसमा सफल भएर सत्ता चलाएकै हुन्। अहिलेको जेनजी विद्रोह गणतन्त्र मास्ने खाल कै थियो, तर यसलाई बचाउन भूमिका खेलेका राष्ट्रपति, नेपाली सेना र जेनजीका अगुवाहरूलाई धन्यवाद दिनु त कहाँ हो कहाँ, उनीहरूको अवमूल्यन गरिराखेका छन्। अहिले संसद् पुनर्स्थापनाका पक्षधर कानुनका विद्यार्थीहरूले संविधान पुनर्स्थापनाका लागि दाबी गरेका संविधानका धाराहरूभन्दा जेनजी पुस्ता र स्कुलका विद्यार्थीहरू, त्यसमा पनि नौ कक्षामा पढ्ने विद्यार्थीले बोलेका परिवर्तनका आवाजहरू कैयौँ गुना बलिया देखिन्छन्। अर्कोतिर संसद् भवन अगाडि जहाँ गणतन्त्रको संविधान जन्मिएको थियो, त्यसैको अगाडि स्कुलका ड्रेसमा मारिएका विद्यार्थीहरूको बलिदान संविधानको कुन धाराले न्यायोचित प्रमाणित गर्दछ ?

विद्रोहको समयमा दुई तिहाइको संवैधानिक सरकार, विद्यार्थीहरूलाई गोली हानेर पनि संविधानका धाराहरू बचाउन नसकेर भाग्ने, अनि पछि आएर असंवैधानिक सरकार मान्दिनौँ भन्नु, खेलमैदान छोडेर भाग्नेले पछि आएर हामी प्रथम भएका हौँ भनेर बल मिचाइ गर्नुजस्तै हो। श्रीमान् ! देश असहज स्थितिबाट गुज्रिरहेको छ, असफलतातिर अगाडि बढिराखेको देखिन्छ। विदेशीहरूको हस्तक्षेप बढिरहेको कुरा जिम्मेवार नेताहरूबाट सुन्नमा आइरहेको छ। विभिन्न अस्थिरतावादी समूह सक्रिय छन्, कोही चुनाव बिथोल्न चाहन्छन्, कोही संविधान मास्न चाहन्छन्। पार्टीभित्रका नेता र समूहबाट आफ्नो अस्तित्व र प्रतिष्ठा बचाउनका लागि विभिन्न भ्रम सिर्जना गर्ने कार्य भइरहेको छ।

जनताले राजनेता नपाएको अवस्थामा देशको चिन्ता आम नेपाली जनतामा बढ्दो छ, तर उनीहरू संगठित छैनन्। उनीहरूको आवाज जनप्रतिनिधिले बोल्नुपर्ने हो, तर उहाँहरू प्रमुख नेताहरूको स्वार्थ र अधीनमा छन्, त्यसैले सत्यतथ्य बोल्न सकिरहेका छैनन्। त्यसैगरी केही राजनीतिक आस्थाका कानुनका विद्यार्थीहरूले संसद् पुनर्स्थापनाको मुद्दा छोटो प्रक्रियाबाट टुङ्ग्याउन दबाब दिइराखेका छन्। श्रीमान् ! संवैधानिक आयोगका पदाधिकारीहरूको नियुक्ति सम्बन्धी परेको रिटमाथिको अस्वाभाविक निर्णय आउन त ४ वर्ष लाग्यो भने अहिले ७६ जनाको बलिदान, सयौँको अङ्गभङ्ग, हजारौँ घाइते, अर्बौंको क्षति, गणतन्त्रका स्तम्भहरू खरानी भई सरकारविहीन अवस्था आएपछि भएको संसद् विघटनको गम्भीर मुद्दाको निर्णय आउन समय अवश्य लाग्ने नै छ।

यस्तो अवस्थामा हतार–हतारमा बृहत् छलफल र बहस नगरी संसद् पुनर्स्थापना भयो भने एक पक्षको जित अर्को पक्षको हार हुनेछ। त्यसपछि अस्थिरतावादी शक्तिले हारेको पक्षलाई उचालेर देशलाई नयाँ द्वन्द्वमा फसाउने देखिन्छ। दुई तिहाइ बहुमतको सरकारले जन्माएको थियो जेनजी विद्रोह। फेरि तिनै समूहलाई राज्य सत्ताको साँचो सुम्पियो, सहिदको बलिदानमाथि अन्याय भयो भनेर अकल्पनीय स्थिति सिर्जना गराउन सक्छ। अहिलेको अवस्थामा जनता आफ्नो आक्रोश भोटबाट पोख्न चाहन्छन्। यो आक्रोशलाई संसद् पुनर्स्थापनाबाट रोक्ने कोसिस गरियो भने अर्को नयाँ विद्रोह जन्मिन सक्छ। त्यसैले न्यायमूर्तिहरूले विवेक प्रयोग गर्ने समय आएको छ– संविधानको केही धारा बचाउने कि देश बचाउने ? चुनावले नै ट्र्याक बाहिर गएका संवैधानिक धाराहरूको उपचार गरिदिन्छ। यदि संविधान नै मिचेको कुरा गर्ने हो भने देश बाचिरहे दर्जनौँ संविधान पुनः लेख्न सकिन्छ। रातोपाटीबाट

### चिसो र शीतलहरको...

मधेश प्रदेशका सभा सदस्य कञ्चन विक्षाको नेतृत्वमा घर निर्माण आएको भन्ने सम्म आफूले जानकारी पाएको बताए। त्यसको कति बजेट आएको छ, कसले कसरी निर्माण गरिरहेको छ। त्यो मलाई जानकारी भएना त्यहाँको घर निर्माणको विषयमा मलाई औपाचारीक रुपमा कुनै जानकारी छैन। वडाले विपद्का परेकाहरुलाई उद्धारमा केही रकम छुट्याएको भएपनि लामो समयदेखि प्रमुख प्रशासकीय अधिकृत नहुँदा योजना सञ्चालनमा समस्या भएको वडाअध्यक्ष महासेठले बताए। पूर्वाधार विकास कार्यालय सिरहाका साईड इन्जिनियर रामसुन्दर यादवले दुईवर्षदेखि बजेट नआएकाले निर्माण कार्या अगाडी नबढेको बताए। उनले भने, 'दुई वर्ष देखि बजेट नै आईरहेको थिएन, यो पटक पनि थोरै मात्र बजेट आएकोले सम्पूर्ण घर निर्माण कार्य सम्पन्न हुनेमा आसंका छ।'

आर्थिक वर्ष २०७९/०८० बाट निर्माणकार्य सुरु भएको पूर्वाधार कार्यालयले जनाएको छ। जम्मा १२ वटा घर बनाउने योजना रहेको उक्त बस्तिमा १० वटा घरको कुर्सिभन्दा माथिको काम भएको छ। एउटा कुर्सिसम्म भएको र एउटाको जग्गा अभावमा काम सुरु नभएको बताइएको छ।

### २४ घण्टा नबित्दै ...

शनिबार बानोगाउँ पुगेर उनले अस्थायी घर निर्माणको थालनी गरेको बताए। स्थानीय खोलामा गिट्टी चालेर बिक्री गरी जीविका चलाउँदै आएका सदायले नगरपालिकाको अगुवाइमा अस्थायी भए पनि घर निर्माण भएकोमा खुसी व्यक्त गरे। 'मजदुरी गरेर आफूसहित पाँचजनाको परिवारका लागि दैनिक खर्च जुटाउन नै समस्या हुन्थ्यो,' उनले भने, 'नगरपालिकाले ओत लाग्ने घर बनाइदिएपछि चिसोमा झेल्दै आएको कष्ट हट्ने भयो।

# शिक्षा नै समाज रूपान्तरणको मुख्य आधार : सभामुख यादव

धनुषा, १४ पुस। मधेस प्रदेश सभाका सभामुख रामआशिष यादवले शिक्षालाई समाज रूपान्तरणको प्रमुख आधारका रूपमा चित्रण गरेका छन्। जनकपुरधामस्थित मोनास्टिक विद्यालय तथा कलेजको ४०औँ वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन गर्दै उनले गुणस्तरीय शिक्षाले नै समाजमा परिवर्तन ल्याउने बताएका हुन्। सभामुख यादवले मोनास्टिक विद्यालयले विगत चार दशकदेखि दक्ष, अनुशासित र जिम्मेवार नागरिक उत्पादनमा महत्वपूर्ण योगदान पुर्‍याएको भन्दै प्रशंसा समेत गरे। कार्यक्रममा बोल्दै सभामुख यादवले शिक्षा क्षेत्रमा समयसापेक्ष प्रविधि, नैतिकता र व्यावहारिक ज्ञानलाई प्राथमिकता दिनुपर्नेमा जोड दिए। उनले विद्यार्थीलाई अनुशासन, परिश्रम र सकारात्मक सोचका साथ आफ्नो अध्ययनमा एकाग्र हुन आग्रह गरे।

विद्यालयकी संस्थापक अध्यक्ष विणादेवी साहले विद्यालयको इतिहास र उपलब्धिबारे चर्चा गर्दै समाजलाई शिक्षित र सक्षम नागरिक दिनु नै आफूहरूको मुख्य उद्देश्य रहेको बताइन्। उनले विद्यालयले शैक्षिक उत्कृष्टतासँगै संस्कार र समावेशी शिक्षालाई

–बाँकी अन्तिम पेजमा

# समानुपातिकतर्फको बन्दसूची बुझाउने दलको संख्या ९ पुग्यो




काठमाडौं, १४ पुस। निर्वाचन आयोगमा समानुपातिकतर्फको बन्दसूची पेश गर्ने क्रम चलिरहेको छ। बन्दसूची पेश गर्नका लागि आयोगले तोकेको अन्तिम दिन आज आयोग कार्यालयमा दलहरूको भीड लागेको हो। हिजो पहिलो दिन तीन वटा दलले मात्रै बन्दसूची पेश गरेका थिए। अहिलेसम्म बन्द सूची पेश गर्ने दलहरूको सङ्ख्या ९ पुगेको छ। थप ४२ वटा दलले सूची बुझाउन निस्सा लिएका छन्।

आयोगका अनुसार नेपाल मजदुर किसान पार्टी, नेपाल लोकतान्त्रिक पार्टी, राष्ट्रिय जनमोर्चा, जनप्रिय लोकतान्त्रिक पार्टी, नेपाल कम्युनिस्ट पार्टी मार्क्सवादी (पुष्पलाल), गतिशील लोकतान्त्रिक पार्टी, जनता समाजवादी पार्टी नेपाल, समावेशी समाजवादी पार्टी र समावेशी समाजवादी पार्टी नेपालले बन्दसूची बुझाइसकेका छन्। नेपाली कांग्रेस, नेकपा एमाले, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) लगायतका ठूला दलले बन्दसूची बुझाउने तयारी अन्तिम चरणमा पुगेको बताएका छन्।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बन्दसूचीमा समावेश गर्ने उम्मेदवारहरूको टुङ्गो लगाउन बैठक बसिरहेका बेला सभापति रवि लामिछानेले कुलमान घिसिङसँग पुनः छलफल थाल्नुभएको छ। काठमाण्डौ महानगरका मेयर बालेन्द्र शाहसहित लामिछाने र घिसिङको छलफल भइरहेको हो। यसैबीच अशोक राई नेतृत्वको जसपा, राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी र रेशमलाल चौधरी नेतृत्वको नागरिक उन्मुक्ति पार्टीले एउटै चुनाव चिह्नमा उम्मेदवारी दिने भएका छन्। तीन वटै पार्टीले नागरिक उन्मुक्ति पाटीको जाँतो चिह्नमा समानुपातिकतर्फको बन्दसूची बुझाउन आयोगमा पुगेका छन्।

निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार समानुपातिक उम्मेदवारको बन्दसूची बुझाउने समय थपिने छैन। तर समानुपातिक उम्मेदवारको बन्दसूची बुझाउन आयोगको कार्यालयमा पुगेका दलहरूलाई भने भोलि बिहान १० बजे पनि सेवा दिइने छ। आयोगमा प्रतिनिधि पठाएर निस्सा लिए पनि धेरैले बन्दसूची पेश नगर्दा समस्या भएको छ।

# टहरामा चिसो छल्न सकस, किरियाका लागि ऋण खोज्दै विपन्न परिवार

विद्यानन्द राम

राजविराज, १४ पुस। ज्याला मजदुरी गरेर गुजारा चलाउँदै आएका सप्तरीको राजविराज नगरपालिका–५ स्वर्ण टोलका अनबहादुर आले मगरको मृत्यु भएपछि परिवारलाई किरिया खर्च जुटाउने कठिन भइरहेको छ। मगरको गत शुक्रबार बेलुका ७२ वर्षको उमेरमा मृत्यु भएको हो। छिमेकी र आफन्तसँग सरसापटी गरेर चार दिनसम्म किरिया बसे पनि अबको खर्चका लागि कर्जा खोज्नुबाहेकको विकल्प नरहेको ६२ वर्षीया उनकी श्रीमती दीपाले बताइन्। 'अहिलेसम्म सरसापट गरेको १४ हजार रुपैयाँ सकिसक्यो,' उनले भनिन्, '१३ दिनसम्म हुने किरिया खर्चको जोहोमा लागेकी छु। ३/४ ठाउँमा कर्जाका लागि कुरा गर्दा पनि अहिलेसम्म जुटेको छैन्।'

उनको परिवार तीन पुस्तादेखि त्यहाँ ऐलानी जग्गामा बनाएको टिनको टहरामा बसोबास गरिरहेको छ। श्रीमान्–श्रीमती मिलेर ज्याला मजदुरी गरेर तीन जना छोरीलाई हुर्काउँदा एक रुपैयाँ पनि जोगाउन नसकेको दीपाले सुनाइन्। 'श्रीमानको मृत्युपछि अहिले छाक टार्न मुस्किल भइरहेको छ नै, अझ मृत्यु भइसकेका श्रीमान्को किरिया खर्च नजुट्दाको पीर थपिएको छ,' उनले भनिन्, 'गरिबीले बडो कष्ट दिइरहेको छ।'

शीतलहरले टिनको टहरमा चिसो छल्नै सकस परिरहेको मगर परिवार किरिया खर्च नजुट्दा झनै पिरोलिरहेको छ। उनीहरुकी जेठी छोरी निशाको विवाह भइसकेको छ। मगरको मृत्युपछि माइली छोरी १८ वर्षकी इनिशा र कान्छी १६ वर्षकी एरिका करियापुत्री बसेकी छन्।

किरियापुत्रीलाई छुट्टै बस्न दिनुपर्ने परम्पराका कारण शीतलहरको बेला दीपालाई बाहिरै त्रिपालमुनि बस्नुपर्ने बाध्यता छ। 'परम्परा त निभाउनै पर्‍यो। एउटै टहरो छ, बाहिरै आगो तापेर जसोतसो जाडो कार्ट्दै छु,' दीपाले भनिन्।

# लिसाइलो पदार्थसहित तीन जना पक्राउ

धीरेन्द्रप्रसाद साह

राजविराज, १४ पुस। सप्तरी प्रहरीले लागुऔषध ब्राउन सुगर जस्तो देखिने लिसाइलो पदार्थसहित तीन जनालाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार गोप्य सूचनाको आधारमा तिलाठी कोइलाडी गाउँपालिका–४ तोपा बजार क्षेत्रमा चेकजाँच गरिएको थियो। भारदहबाट राजविराजतर्फ जाँदै गरेको प्रदेश १–०४–००१ ज ००४५ नम्बरको कारलाई शङ्का लागि चेकजाँच गर्दा कारमा सवार व्यक्तिहरूको शरीरबाट लागुऔषध ब्राउन सुगर जस्तो देखिने लिसाइलो पदार्थ बरामद गरिएको प्रहरीले जनाएको छ।

प्रहरीले सवार अनुरुध निरौलाको हुडीबाट सेतो प्लास्टिकका दुई पोका भित्र राखिएको २०५ ग्राम ८२ मिलिग्राम ब्राउन सुगर जस्तो देखिने पदार्थ बरामद गरेको हो। सोही क्रममा कारसहित तीन जनालाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

पक्राउ पर्नेमा मोरङ विराटनगर महानगरपालिका–१७ का ३७ वर्षीय चालक रजप आलम, विराटनगर महानगरपालिका–४ का ३२ वर्षीय निरौला र सोही स्थानका २१ वर्षीय निकेशकुमार शर्मा रहेका छन्। उनीहरुलाई तीन दिन अघि पक्राउ गरेर आइतबार साँझ सार्वजनिक गरेको हो। पक्राउ परेकाहरूलाई सप्तरी जिल्ला अदालत, राजविराजबाट पाँच दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको प्रहरी कार्यालय सप्तरीका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिनुभयो।

# शीतलहरसँगै धमाधम विद्यालय बन्द

जीवछ यादव

लहान, १४ पुस। तराई–मधेशमा शीतलहर बढ्दै गएपछि लहान नगरपालिकाका सामुदायिक विद्यालयहरू बन्द गरिएको छ। विपन्न समुदायलाई शीतलहरबाट जोगाउन लहान नगरपालिकाले फाइवर सिरक वितरण गर्ने कामलाई निरन्तरता दिइरहेको छ। लहान नगरपालिकाको ५९ वटै सामुदायिक विद्यालयहरू बन्द गरेर शीतलहरको चपेटामा पर्न सक्ने विपन्न दलित बस्तीहरूमा लहान नगरपालिकाले पुस १२ गतेदेखि फाइबर सिरक वितरण कार्य जारी राखिएको लहान नगरपालिकाले जनाएको छ।

लहान नगरपालिका –१५, १८, १९, २०, २१ र २४ नम्बरका मुसहर सामुदायका ज्येष्ठ नागरिक र अन्य प्रभावित उमेरका विपन्न समुदायलाई सोमबारसम्ममा तीन सय फाइवर सिरक वितरण गरेको लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरीले बताउनु भयो।

फाइवर सिरक वितरण दाउरा वितरणको साथै त्रिपालमुनि एक वर्षदेखि बस्दै आइरहेका लहान नगरपालिकाले नगर प्रहरी परिचालन गरी वडा १५ का श्याम सदायको जस्तापाताको छाना हालेर घर निर्माण गरिएको उहाँले जानकारी गराउँदै भन्नु भयो, "लहान नगरपालिकाका सम्भावित विपन्न बस्तीमा शीतलहरले हुने समस्यालाई ध्यानमा पहिलो चरणमा पाँच सय फाइवर सिरक वितरण गर्ने योजना अन्तर्गत तीन सय वितरण गरिसकेका छौं।"

शीतलहरले सामुदायिक विद्यालयमा विधार्थी सङ्ख्या घटेपछि सिरहाको १७ वटै पालिकाले पाँच दिनका लागि विद्यालय बन्द गरिएको र सम्भावित जोखिमबाट जोगाउन आवश्यक व्यवस्था गर्न जिल्लाको १७ वटै पालिकामा समन्वय गरिरहेको सिराहा जिल्ला समन्वय समिति प्रमुख दिनेश महतोले जानकारी दिनु भयो।

त्यस्तै शीतलहरबाट स्थानीयवासी प्रभावित हुन थालेपछि यहाँका स्थानीयतहले धमाधम विद्यालय बिदा दिन थालेका छन्। पुसको पहिलो सातामै सुरु भएको शीतलहर बढ्दै गएपछि जिल्लाका १५ वटै स्थानीय तहले विद्यालयमा बिदा दिने सूचना जारी गरेका हुन्। पछिल्लो पटक बर्दिबास, जलेश्वर, मटिहानी, लोहारपट्टी र मनराशिशवा नगरपालिकाले आजदेखि जाडो बिदाको सूचना आइतबार साँझ नै जारी गरेका छन्। सूचना जारी गर्ने स्थानीयतहले एक दिनदेखि पाँच दिनसम्म बिदा रहने जनाएका छन्। बर्दिबास नगर कार्यपालिकाको कार्यालयको शिक्षा शाखाले आज एक दिन मात्र जाडो बिदाको सूचना जारी गरेको छ।

"भोलि मङ्गलबार तमु ल्होसार पर्वको सार्वजनिक बिदा नै छ, आज र भोलिसम्म मौसम सुधिनसके आसले जाडो बिदा एक दिनमात्र भनेका हौँ" शिक्षा शाखा प्रमुख उपसचिव रेवतीप्रसाद पराजुलीले भने, "त्यसपछि मौसमअनुसार फेरि निर्णय गरिने छ।" अधिकांशले भने तीन र पाँच दिन बिदा दिने जनाएका छन्। "अहिले धेरै जाडो बढेको हुँदा शुक्रबारसम्मको बिदा दिने भनेका छौँ, बीचको मौसमअनुसार चाँडै विद्यालय खुल्न पनि सक्छ" मटिहानी नगरप्रमुख हरिप्रसाद मण्डलले भने। यसअघि जिल्लाका भङ्गाहा, रामगोपालपुर र जलेश्वर नगरपालिकाले भने शीतलहर सुरु भएलगत्तै गत मङ्गलबार नै बिदाको सूचना जारी गरेका थिए।

बढ्दो जाडोले खासगरी आधारभूत तहका स–साना नानीहरुको स्वास्थ्यमा प्रतिकूल प्रभाव बढ्नसक्ने हुँदा विद्यालयमा बिदा दिने निर्णय गरिएको भङ्गाहाका नगरप्रमुख सञ्जीवकुमार साहको भनाइ छ। "जाडो बढेको छ, स–साना नानी त विद्यालय आउनै पनि छाडिसकेका छन् , यो अवस्थामा बिदा दिने निर्णय गरियो" उनले भने। स्थानीय तहहरुले यो जाडो बिदा बर्खे बिदामा मिलान गरिने स्पष्ट पारेका छन्। स्थानीयतहले बिदा सूचना अघिपछि जारी गरेपनि जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिकाका आधारभूत तहका विद्यालयमा गत मङ्गलबारदेखि नै बालबालिका जान छाडेका थिए।

जिल्लाका करिब सबै भेगमा पछिल्लो एक सातायता बाक्लो हुस्सुले ढाक्दै आएको छ। पछिल्ला पाँच दिनयता झनै चिसो सिरेटो आउन थालेपछि विद्यालय मात्र नभइ हाटबजारको चहलपहल पनि निकै घटेको छ। यो मौसमले खेतीपातीको काम पनि प्रभावित बनाएको किसानले बताएका छन्।

# नगरपालिकाद्वारा निःशुल्क दाउरा वितरण

**सुधा देव**

सप्तरी, १४ पुस। तराई मधेससहित सप्तरीमा दिन प्रतिदिन अत्यधिक चिसो बढ्दै गएपछि राजविराज नगरपालिकाले आइतबार निःशुल्क दाउरा वितरण गरेको छ। राजविराज नगरपालिकाले नगरपालिकाको सार्वजनिक स्थानमा आइतबार बिहानै दाउरा वितरण गरेको स्थानीयले बताएका छन्। राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख इसरत परविनसहित नगरपालिकाका कर्मचारी मिलेर दाउरा बितरण गर्दै सर्वसाधारणलाई चिसोबाट बच्नसमेत आग्रह गर्नुभएको छ। कार्यवाहक प्रमुख परविनले अहिले जिल्लामा अत्यधिक जाडो बढेपछि दाउराको अभावमा कसैले कठ्याङ्ग्रिनु नपरोस् भन्ने उद्देश्यले तत्काल राहतका लागि दाउरा वितरण गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "कामसँगै सबैले न्यानो भएर बस्न आवश्यक छ। बजार, अस्पताल, कार्यालय आउने, जाने तथा स्थानीय सर्वसाधारणलाई यो दाउराले थोरै भए पनि जाडो छल्न राहत मिल्नेछ।" अत्यधिक चिसो बढेपछि आगो तापेर जाडो छल्नका लागि राजविराज नगरपालिकामा शनिबार नेपाली सेनाले र शुक्रबार डिभिजन वन कार्यालय सप्तरीले दाउरा वितरण गरेको थियो। पछिल्लो तीन दिनदेखि राजविराजको सार्वजनिक स्थान अस्पताल, रूपनी रोड, बसपार्क, जनआन्दोलन चोक, गजेन्द्र चोक, तित्रीगाछी चोक, अदालत रोड लगायतमा दिनभरि दाउरा बाल्न थालेपछि सर्वसाधारणले राहत महसुस गर्दैआएको राजविराज –२ कि नुनुजा खातुनले बताउनुभयो।

# शीतलहर प्रभावित मुसहर बस्तिमा कम्वल वितरण



रामनारायण ठाकुर

मिर्चैया, १४ पुस। मिर्चैया नगरपालिकाले चिसो तथा शीतलहरबाट प्रभावित मुसहर परिवारलाई कम्बल वितरण गरेको छ। पालिकाको नगरपालिका ६ जिवा टेलका घरबार विहिन मुसहर टोलको समाचार गमक पोटमा आएपछि पालिकाले प्रभावितहरुलाई कम्वल वितरण गरेको हो। पालिका प्रमुख श्रवण कुमार यादवको नेतृत्वमा आज अपरान्ह ती परिवारलाई कम्वल वितरण गरिएको स्थानीयले जानकारी दिए। कम्वल वितरण कार्यक्रममा वडा नम्बर ६ का वडा अध्यक्ष रामप्रकाश महासेठ, वडा सदस्य शुभाष न्यौपाने, निर्मला विश्वकर्मा लगायतको उपस्थिति रहेको थियो।

कम्वल वितरण गर्न पुगेका मेयर यादवले तत्काल सोही गाउँबाटै दलित बस्तिमा निर्माणाधिन घर सम्पन्न गर्न भन्दै फोन गरे। मेयर यादवले भने, 'तपाईंहरुले यो घर कुन प्रकृयाबाट, कहाँको बजेटले गरेको हो? तपाईंहरुले तत्काल नगरपालिकालाई जानकारी गराउनु र निर्माणकार्य थाल्नु।' मेयर यादवले तपाईंहरुले नसक्ने भए नगरलाई लिखित रुपमा जानकारी गराउन समेद भने। उनले भने, 'तपाईंहरुले तत्काल निर्माणकार्य थाल्नुस्, कति सक्नुहुन्छ? नसक्ने भए हामीलाई लिखित जानकारी दिनुहोस्।'

यता पूर्वाधार विकास कार्यालय सिरहाका साईड इन्जिनियर रामसुन्दर यादवले दुई वर्षदेखि बजेट नआउँदा निर्माणकार्य ढिलो भएको बताए। उनले यहि वार्षपनि ३ करोडमात्र रहम आएकोले निर्माण सम्पन्न हुनेमा आशंका व्यक्त गरे। मेयर यादवले 'तपाईंहरुले बनाउन नसक्ने हो भने हामीलाई लिखित तत्काल जानकारी गराउनुस्। हामी आफ्नो तर्फाबाट प्रयास गर्छौ अन्यथा हामी तपाईंहरुलाई कार्वाहीगर्न बाध्य हुने छौं।'

उनले भने, 'हामीसँग सिरहामा अझै ४८८ घर अलपत्र छन्। यो वर्ष पनि ३ करोड ४० लाख मात्र रकम आएको छ हामीलाई १३ करोड आवश्यक पर्छ। म तीन चार दिन अघि पनि हेर्न गएको थिएँ। अब चाँडै हामी काम सुरु गर्छौं। सम्पन्न हुने कुरामा म केही भन्न सक्दिन।'

उनले अहिलेसम्म एउटा घरको काममा एक लाख १७ हजार ६०० रुपैयाँ निकासा पनि बताए। मेयर यादवले योजनाको लगानीप्रति पनि आशंका व्यक्त गरे।

यहाँ करिव ३० घर परीवार विपन्न, भूमिहिन मुसहर समुदाय कठ्यांग्रिदो जाडो र शीतलहरको चपेटमा परेका छन्। चिसो बढ्दैजाँदा सुरक्षित आवासको अभावमा जनजीवन कष्टकर बनेको छ।

# चिसोका कारण विद्यालय बन्द

महोत्तरी, १४ पुस। हुस्सु र कुहिरोका कारण अत्यधिक चिसो बढेसँगै महोत्तरीमा धमाधम विद्यालय बन्द गर्न थालिएको छ। जिल्लाका १५ वटै पालिकाले विद्यालयमा बिदा दिने निकालेका छन्। पछिल्लो पटक बर्दिबास, जलेश्वर, मटिहानी, लोहारपट्टी र मनराशिशवा नगरपालिकाले जाडो बिदाको सूचना हिजो बेलुकी नै निकालेका छन्। पाँच दिनसम्म विद्यालय बन्द गर्ने भएका छन्। यसअघि जिल्लाका भङ्गाहा, रामगोपालपुर र जलेश्वर नगरपालिकाले भने शीतलहर शुरू भएलगत्तै गत मङ्गलवार नै बिदाको सूचना जारी गरेका थिए।

बढ्दो जाडोले खासगरी आधारभूत तहका स–साना नानीहरुको स्वास्थ्यमा प्रतिकूल प्रभाव बढ्नसक्ने हुँदा विद्यालयमा बिदा दिने निर्णय गरिएको भङ्गाहा नगरपालिकाका मेयर सञ्जीवकुमार साहको भनाइ छ। जिल्लाका झन्डै सबै भेगमा पछिल्लो एक हप्तायता बाक्लो हुस्सुले ढाक्दै आएको छ। पछिल्ला पाँच दिनयता झनै चिसो सिरेटो आउन थालेपछि विद्यालय मात्र नभइ हाटबजारको चहलपहल पनि निकै घटेको छ। यो मौसमले खेतीपातीको काम पनि प्रभावित बनाएको किसानले बताएका छन्।

यस्तै, हुस्सु र कुहिरोसँगै अत्यधिक चिसो बढेपछि सप्तरीका दुईवटा पालिकाले विद्यालयमा बिदा दिएका छन्। राजगढ गाउँपालिकाले बालबालिकाको स्वास्थ्य अवस्थालाई बिचार गर्दै हिउँदे बिदामा मिलान हुने गरी हिजोदेखि पुस १८ गतेसम्म विद्यालय बन्द गरेको छ। यस्तै, डाक्नेश्वरी नगरपालिकाले समेत प्रशासनिक कार्यबाहेक नियमित पठनपाठनको कार्य बन्द रहनेगरी विद्यालयमा बिदा दिएको छ। नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विजयकुमार मण्डलले आज एक निकाल्दै आजदेखि लागू हुनेगरी ५ दिन बिदा दिइएको जानकारी दिनुभयो।

नगरपालिका अन्तर्गतका सबै निजी तथा सामुदायिक विद्यालयमा पाँच दिनका लागि बिदा दिइएको नगरपालिकाले जनाएको छ। केही दिनयता बढेको अत्यधिक जाडोका कारण सप्तरीसहित तराई मधेशको जनजीवन प्रभावित भएको छ।

## *शिक्षा नै ...*

सदैव प्राथमिकतामा राख्दै आएको जानकारी दिइन्। वार्षिकोत्सव समारोहमा विद्यालयका संस्थापक डा. सोनु साहले शिक्षा किताबी ज्ञानमा मात्र सीमित नभई नैतिकता र सीपसँग जोडिनुपर्ने धारणा राखे। कार्यक्रममा शिक्षा नायक लगायतले पनि आ–आफ्नो धारणा राखेका थिए। सो अवसरमा विद्यार्थीले विभिन्न सांस्कृतिक नृत्य, गीत र प्रतिभा प्रदर्शन गरेका थिए। ४०औं वार्षिकोत्सवका अवसरमा विद्यालयले विभिन्न शैक्षिक तथा अतिरिक्त क्रियाकलाप समेत आयोजना गरेको छ।

# ट्युसन र वाइरिङ गरेर एमबीबीएसमा पूर्ण छात्रवृत्ति

सुधा देव

सप्तरी, १४ पुस। सप्तरीको बोदेबरसाइन नगरपालिका १० खडकपुरका एक विपन्न दलित विद्यार्थी २२ वर्षीय ओमप्रकाश तत्मा दासले दलित कोटा एमबीबीएसमा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल हुनुभएको छ। स्थानीय राम किसुन तत्मा दासको छोरा ओमप्रकाशले पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल हुनुभएको हो। बिहान बेलुका बाइरिङ्ग गर्ने र बचेको समय विद्यार्थीलाई ट्युसन पढाएर जम्मा गरेको पैसा र बाबुले मजदुरी गरेर कमाएको आम्दानीको सहयोगले तेस्रो पटकको प्रयासमा नाम निकाल्न सफल भएको उहाँले बताउनुभयो।

उहाँ एमबीबीएसमा अध्ययनका लागि राप्ती स्वास्थ्य विज्ञापन प्रतिष्ठान दाङमा भर्ना हुनुभएको एक हप्ता भयो। भर्ना गर्ने बेलामा क्याम्पससमा ६५ हजार पाँच सय र अन्य खर्च गरी ८० हजार खर्च भएको उहाँले सुनाउनुभयो। उहाँले भन्नुभयो, "भर्ना त भए, तर होस्टेल खर्च प्रति महिना १५ हजार लाग्छ भनेको छ। किताब कापी, कलम, लुगाफाटे तथा अन्य आवश्यक खर्च गरी महिनाको २५ हजार खर्च हुन्छ। बुवाले मजदुरी गरेर पढाइ खर्च धान्न सक्नु हुन्छ कि हुँदैन भन्ने चिन्ता छ।"

विद्यालय र कक्षा ११/१२ पढ्दासम्म बुवाले दिनको ९/१० घण्टा मजदुरी गरेर मेरो र भाईको पढाइको खर्च जोहो गर्नुभएको थियो। एमबीबीएस अध्ययनका क्रममा काठमाडौँ बसाईंमा लाग्ने खर्च धान्न नसक्दा ६ महिना काठमाडौं बस्थे र ६ महिना गाउँमा आएर ट्युसन, विद्यालयमा पढाउने र बाँकी समय वाइरिङ्ग गरेर पैसाको जोहो गरेर फेरि काठमाडौं फर्कने गरेको उहाँ बताउनुहुन्छ।

राष्ट्रिय आधारभूत विद्यालय खडकपुरमा कक्षा ८ सम्म अध्ययन गर्नुभएको उहाँ श्री ५ महेन्द्र चुनि माध्यमिक विद्यालय मानराजाबाट २०७७ सालमा एसइई र २०७९ सालमा लिटिल स्टार लाहानबाट १२ कक्षा उत्तीर्ण गर्नुभएको थियो। "मेरो पालिकामै मेरो छोराले पहिलो पटक पूर्ण छात्रवृत्तिमा नाम निकालेपछि गौरब महशुल गरेको छुँ।" बुबा रामकिशुनले भन्नुभयो।

उहाँले थप्दै भन्नुभयो, "ऋण काढेर छोरालाई जसरी पनि पढाउँछु। छोराको दाहिने हातको तीनवटा औँला जोडिएकाले कहिलेकाही लेख्न समस्या हुने गरेकामा छ। दुई छोरामध्ये कान्छो विद्यालयमा पढ्दै छ।" सोही गाउँपालिकाका मधेश प्रदेशका पूर्व सांसद अभिषेक यादवले जिउँदो सपना र इच्छाशक्तिका कारण ओमप्रकाश एमबीबीएसमा पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएको बताउनुभयो।

# जसपा नेपाल र लोसपा नेपालबिचको एकतापछि एमाले रहने छैन मधेस प्रदेश सभाको ठुलो दल



काठमाडौँ, १४ पुस। जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालबिच एकता भएसँगै मधेस प्रदेश सभाको दलीय समीकरण फेरिने भएको छ। दुई पार्टीबिच आइतबार एकता भएको हो। यद्यपि, प्रदेश सभा संसदीय दल एकीकरण भइसकेको छैन। यी दुवै दलका मधेस प्रदेश सभा, संसदीय दल एकीकरण भएपछि नेकपा एमालेले मधेस प्रदेश सभामा सबैभन्दा ठुलो दलको हैसियत गुमाउने भएको छ।

१०७ सदस्यीय मधेस प्रदेश सभामा जसपा नेपालका १९ र लोसपा नेपालका ९ सदस्य छन्। यी दुई पार्टीको एकतापछि प्रदेश सभामा एकीकृत पार्टीको कुल सांसद संख्या २८ हुनेछ। जबकि अहिलेसम्म २५ सांसदसहित नेकपा एमाले प्रदेश सभाको सबैभन्दा ठुलो दल रहँदै आएको छ। पार्टी एकतापछि जसपा नेपाल र लोसपा नेपालसहितको एकीकृत दल प्रदेश सभाको सबैभन्दा ठुलो दल हुनेछ।

त्यो अवस्थामा प्रदेश सभामा एमाले दोस्रो ठुलो दल हुनेछ भने नेपाली कांग्रेस २२ सांसदका साथ तेस्रो ठुलो दल हुनेछ। नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीले पनि एकता गरी नेपाली कम्युनिस्ट पार्टी गठन गरिसकेका छन्। यद्यपि, प्रदेश सभामा यी दुवै दलले संसदीय दल एकीकृत गरिसकेका छैनन्। संसदीय दल एकीकरणपछि नेपाली कम्युनिस्ट पार्टीको सांसद संख्या १६ हुनेछ, जो प्रदेश सभाको चौथो ठुलो राजनीतिक शक्ति हुनेछ।

त्यो अवस्थामा जनमत पार्टीको 'पोजिसन' एक स्थान तल खस्किने छ। १३ सांसदसहित जनमत पार्टी अहिले चौथो 'पोजिसन'मा छ भने जसपा नेपाल र लोसपा नेपालबिचको एकता र नेपाली कम्युनिस्ट पार्टी संसदीय दल गठनपछि जनमत पार्टी प्रदेश सभामा पाँचौं 'पोजिसन'मा पुग्नेछ। प्रदेश सभामा नेपाल संघीय समाजवादी पार्टीका एक, नागरिक उन्मुक्ति पार्टीका एक र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक सांसद छन्।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail* : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)